नेपाल सरकार
# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
## आर्थिक प्रशासन शाखा

फो.नं.
४२००२६०
४२००२८७
सिंहदरबार, काठमाण्डौं

प.सं. आ.प्र. २०७४।७५
च.नं. १०६४

मिति :- २०७५/०३/०१

विषय :- सशर्त अनुदान रकम फिर्ता सम्बन्धमा ।

श्री स्थानीय तह,
सबै ।

प्रस्तुत विषयमा अर्थ मन्त्रालयको प.सं. २०७४/७५/स्थानीय तह च.नं. ८२० मिति २०७५/०१/२८ पत्रानुसार चालु आ.व. २०७४ ७५ को बजेटमा अनुदान संख्या ८०१ तर्फ सशर्त अनुदानमा विनियोजन भएको कूल बजेट रू.७६ अर्ब ४१ करोड ६७ लाख ५८ हजार विनियोजन ऐन, २०७४ अनुसार तिन किस्तामा स्थानीय तहलाई हस्तान्तरण भएको र सशर्त अनुदानमा मुख्यतया आधारभूत तह तथा माध्यामिक तहका कक्षा १ देखि १० सम्मका शिक्षक, स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी/उपचौकीहरूमा कार्यरत कर्मचारी र कृषि/पशुपन्छी विकास मन्त्रालयका कर्मचारीको तलव भत्ता लगायतका कार्यक्रमहरू समावेश गरिएको उक्त बजेट तोकिएका कार्यक्रमका लागि हस्तान्तरण गरिएको एवं सशर्त अनुदानको रूपमा केन्द्रले बजेट उपशिर्षकगत रुपमा स्थानीय तहमा पठाएका जेष्ठ नागरिक दीर्घ सेवा सम्मान कार्यक्रम, बहुक्षेत्रीय पोषण कार्यक्रम, गरीवसँग विश्वेश्वर कार्यक्रम, स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम लगायतका कार्यक्रमहरूका असार मसान्तसम्म खर्च हुन नसकेको रकम सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता गरी सङ्घीय संचित कोषमा दाखिला गर्नु हुन भनी अर्थ मन्त्रालयबाट पत्र प्राप्त हुन आएकोले सो अनुसार गर्नु हुन निर्देशानुसार अनुरोध छ ।

..........................................
(अर्जुन प्रसाद पौडेल)
उप सचिव (लेखा)

**बोधार्थः-**
श्री अर्थ मन्त्रालय, बजेट कार्यान्वयन शाखा, सिहदरवार, काठमाण्डौं ।
श्री महालेखा नियन्त्रक कार्यालय, बजेट कार्यान्वयन शाखा, अनामनगर, काठमाण्डौं ।
श्री महालेखा परिक्षकको कार्यालय,
सङ्घीय मामिला तथा स्थानीय विकास निर्देशनालय, पुल्चोक, ललितपुर ।
श्री को.ले.नि.का., सबै : *उपरोक्त बमोजिम हुने व्यवस्था मिलाइदिन हुन ।*
श्री सूचना तथा विद्युतीय शासन शाखा : *वेवसाइटमा राखी दिनु हुन ।*